स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा सिवाकोटीलाई नेपाली फिल्म क्षेत्रको 'अनलक्की' अभिनेत्री मानिन्छ । डेब्यु फिल्म 'नाईं नभन्नु ल २' र 'पशुपति प्रसाद' बाहेक उनका अधिकांश फिल्म असफल छन् । त्यसैले पनि उनलाई 'अनलक्की'को रूपमा हेरिएको । वर्ष अभिनीत पछिल्लो फिल्म 'परदेशी २' भने राम्रो भएको छ । नारायण रायमाझी निर्देशित उक्त गत २६ असोजबाट प्रदर्शनमा आएका फिल्म अहिले तेस्रो सातामा छ । 'परदेशी २' बक्स अफिसमा सफल हुँदा वर्षालाई ठूलो राहत मिलेको छ ।

आजको विचार...



सिर्जनशील... (दुई पेजमा)

विष्णु घर्ती 'भनभनेली'

निश्चल बस्नेत निर्देशित प्रतिक्षित फिल्म 'दिमाग खराब' तिहारको अवसर पारेर कार्तिक २४ गतेदेखि प्रदर्शनमा आउँदैछ । प्रदर्शन मिति नजिकिएसँगै फिल्ममा समावेश प्रचार सामाग्रीहरु सार्वजनिक गरिहेका छन् । निर्माण युनिटले दशैं अगाडी 'दिमाग खराब'को प्रोमो रिलिज गरेको थियो । यस पश्चात् फिल्मभित्र समावेश 'हितैको माया' बोलको गीत सार्वजनिक गरेको छ । गीतमा जयन जे सुब्बाको शब्द रचना तथा संगीत छ । गीतमा स्वर सुगम पोखरेल र इन्द्रकला राईले दिएका छन् ।



❒ वर्ष २९ ❒ अंक ९९ ❒ २०८० कार्तिक १५ गते बुधबार 1 November 2023, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### च्याउ खाएर तीन जना बिरामी

**गुल्मी,** कार्तिक १४/जंगली च्याउ खाएर गुल्मीमा तीन जना बिरामी परेका छन् । जिल्लाको इस्मा गाउँपालिका-६ बुल्ममा जंगलबाट ल्याएको च्याउ खाएर तीन जना बिरामी भएका हुन् । बिरामी हुनेमा ३९ वर्षीय सरिता कुमाल, सोही स्थानका ११ वर्षीय बिमल कुमाल र ८ वर्षीय सुस्मा कुमाल रहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) डिल्लीनारायण पाण्डेले जानकारी दिए । जंगली च्याउ खाएर बिरामी भएका उनीहरुलाई उपचारका लागि मिसन अस्पताल पाल्पा लगिएको छ । बिरामी तीनै जनाको अवस्था मध्यम रहेको डिएसपी पाण्डेले बताए ।

### बिजुली सट हुँदा बंगालोमा आगलागी

**गुल्मी,** कार्तिक १४/बिजुली सट हुँदा बंगालोमा आगलागी भएको छ । जिल्ला मालिका गाउँपालिका-६ फुलबारीका रामप्रसाद भण्डारीको बङ्गालोमा आगलागी भएको हो ।

मंगलबार राति भण्डारीको ढुङ्गाले छाएको दुईतले कच्चि बंगालोमा बिजुली सट भई आगलागी भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक (डिएसपी) डिल्लीनारायण पाण्डेले जानकारी दिए । बंगालोमा आगलागी हुँदा पाँच लाख रुपैयाँ बराबरको क्षति भएको छ । आगलागीबाट एउटा माउ भैंसी जलेर घाइते भएको छ । बंगालो पुर्ण रुपमा जली क्षति भएको डिएसपी पाण्डेले बताए । प्रहरी र स्थानीयबासीको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रणमा लिइएको छ ।

# लुम्बिनीबाट विश्व शान्तिको सन्देश

## सन्देश प्रवाह गर्दा खुसी लागेको छ : महासचिव गुटेरेस

रासस–

**लुम्बिनी,** कार्तिक १४/नेपाल भ्रमणका क्रममा गौतम बुद्धको जन्मस्थल लुम्बिनी आएका संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले बुद्ध जन्मस्थल लुम्बिनीबाट विश्वभर शान्तिको सन्देश प्रवाह गरेका छन् । मंगलबार लुम्बिनीबाट शान्तिका लागि विश्व समुदायलाई आग्रह गर्दै शान्तिको सन्देश प्रवाह गरेका हुन् ।

हिंसा, द्वन्द्व त्यागेर सबैका लागि विश्व शान्ति अपरिहार्य रहेकाले यो सन्देश लुम्बिनीबाट दिन पाउँदा गौरवान्वित महशुस गरेको उनले बताए । गुटेरेसले संसारभर भइरहेका सबै प्रकारका द्वन्द्व अन्त्यका लागि शान्तिभूमिबाट आह्वान गरेका छन् । पोखराबाट विशेष विमानमार्फत गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल हुँदै लुम्बिनी पुगेका गुटेरेसले विश्व सम्पदा सूचीमा सूचीकृत अशोकस्तम्भ परिसरमा आयोजित पत्रकार सम्मेलनमा भने, 'संसारभर भइरहेका द्वन्द्व अन्त्यका लागि लुम्बिनीबाट आह्वान गर्छु ।'

बुद्ध जन्मस्थल लुम्बिनी आउन पाउँदा उनले खुसी व्यक्त गर्दै इजरायल, प्यालेस्टाइन, युक्रेन, सुडान लगायत देशमा भएको द्वन्द्व अन्त्य गर्न आह्वान पनि गरे । उनले विश्वभर नै जलवायु परिवर्तनले वातावरणीय क्षेत्रमा पारेको असरप्रति चिन्ता व्यक्त गरे । 'शान्ति र मानवता अपरिहर्य विषय हुन्, मानवीयता मर्न दिनु हुन्न", उनले भने, 'बुद्धका सन्देश, पञ्चशीलको सिद्धान्त र राष्ट्रसंघको 'मिसन' मिल्दोजुल्दो छ । यो शान्तिको मुहान लुम्बिनी घुमौं र यहाँबाट सबैले सिकौं ।' त्यस्तै, महासचिव गुटेरेसले शान्ति दीपबाट मायादेवी मन्दिरमा पुगेर दर्शन गरेका थिए । यसअघि उनले शान्तिदीपमा दीप प्रज्वलन गरे । शान्तिदीपबाट मायादेवी मन्दिरसम्म उनी पैदल गएका थिए । उनले वृक्षरोपण समेत गरे । महासचिव गुटेरेस लुम्बिनी विकास कोषको स्वागत समारोहमा सहभागी भएका थिए । लुम्बिनी विकास कोषका सदस्यसचिव सानुराजा शाक्यका अनुसार महासचिवलाई लुम्बिनीमा रहेका विहार, बौद्धधर्मका गुरु, भिक्षुभिक्षुणी सहित लुम्बिनी सांस्कृतिक नगरपालिकाका स्थानीय आमा समूह, थारूलगायत विभिन्न जातीय समूहले शान्ति दीपबाट मायादेवी मन्दिरको दुवैतर्फ बसेर स्वागत गरेका थिए ।



यसैगरी, महासचिव गुटेरेसले विकास कोषमा राखिएको अतिथि आगन्तुक पुस्तिकामा हस्ताक्षर गरेका छन् । महासचिवको लुम्बिनी भ्रमणले लुम्बिनी र गौतमबुद्धको शान्तिको सन्देश विश्वभर थप प्रचार-प्रसार हुने र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा मद्दत पुग्ने अपेक्षा गरिएको छ । बुद्ध जन्मस्थल लुम्बिनीमा पहिलो पटक भ्रमणमा आएका महासचिव गुटेरेसलाई प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगै संस्कृति, लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री डिल्लीबहादुर चौधरी, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँती, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री सुशीला श्रीपाली, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्यारक्याला लामा लगायतले स्वागत गरेका थिए ।

महासचिव गुटेरेसलाई लुम्बिनी विकास गुरुयोजना, उत्खनन, अन्वेषण, अनुसन्धान र ऐतिहासिक तथा पुरातात्विक महत्वका विषयमा लुम्बिनी विकास कोषले जानकारी गराइएको थियो । गुटेरेस लुम्बिनी भ्रमण गर्ने राष्ट्रसंघका छैटौं महासचिव हुन् । राष्ट्रसंघका तत्कालीन महासचिव ऊ थान्तले सन् १९६७ मा राष्ट्रसंघको महासचिवका रुपमा लुम्बिनी भ्रमण गर्ने प्रथम महासचिव हुन् । राष्ट्रसंघका महासचिवका रुपमा थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको योजनाबद्ध विकासको सुरुआत भएको मानिन्छ ।

# मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु



**रुपन्देही,** कार्तिक १४/रूपन्देहीमा मोटरसाइकलको ठक्करबाट पैदलयात्रीको मृत्यु भएको छ । यहाँको गैडहवा गाउँपालिका-२ बिचौवापुरस्थित सडकमा मोटरसाइकलको ठक्करबाट पैदलयात्री सोही गाउँपालिका-२ पडौराका ४२ वर्षीय बिजेन्द्र पासीको मृत्यु भएको हो । पासी सोमबार साँझ लु.८७ प ४२८५ नम्बरको मोटरसाइकलको ठक्करबाट घाइते भएका थिए ।

घाइते उनको भीम अस्पताल भैरहवामा मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । ठक्कर दिने मोटरसाइकल चालक भने फरार रहेका छन् । उनको खोजीकार्य भइरहेको प्रहरीले जनाएको छ ।

# दर्पुकमा युवकले गरे छिमेकी माथि कुटपिट

**पाल्पा,** कार्तिक १४/जिल्लाको बगनासकाली गाउँपालिका-६ दर्पुकमा एक युवकले छिमेकी माथि कुटपिट गरेका छन् । पानीको विषयलाई लिएर शिवप्रसाद अधिकारीले छिमेकी ६३ वर्षीय मोहनीलाल पराजुली र उनको श्रीमति ५० वर्षीया पूर्णकला पराजुलीलाई कुटपिट गरेका हुन् ।

गत शनिबार घरमै बसिरहेको अवस्थामा अधिकारीले केही व्यक्तिहरुको समूह लिएर आफुहरु माथि कुटपिट गरेको पीडित महोनीलाल पराजुलीले बताए । उनले भने 'हामी बूढाबूढी घरभित्रै बसिरहेका थियौं, त्यत्तिकैमा आएर मलाई भित्रबाट थुतेर बाहिर ल्याएर जथाभावी कुटे ।' मलाई जोगाउन आएकी श्रीमतिलाई समेत कुटेर घाइते गराएको पीडित पराजुलीले बताए । ति युवकको कुटपिटबाट पूर्णकलाको आँखामा चोट लागेको छ भने उनका श्रीमान मोहनीलालको हातमा गम्भीर असर पुगेको छ । पूर्णकलाको पाल्पा आँखा अस्पतालमा उपचारपछि घर ल्याइएको श्रीमान मोहनले बताए । चिकित्सकले



पराजुलीको टाउँकामा समेत असर परेको हुन सक्ने भएकाले उपचार गर्न तत्काल सुविधायुक्त अस्पताल लैजान सुझाव दिएको उनले बताए । श्रीमान पराजुलीका अनुसार श्रीमतिको आँखामा चोट लागेको र टाउँको समेत दुखेको छ ।

धडेना खोलाको पानी १८ घर परिवारले ल्याउने भनिए पनि अहिले ४ घरपरिवारले मात्र उपभोग गर्दै आएकाले पराजुलीले पानी ल्याउने भए सबै घरपरिवारलाई ल्याउनुपर्ने नभए पानी खोलामै बग्न दिनुपर्ने भन्दा आफुमाथि पटक-पटक आक्रमणको प्रयास हुँदै आएको बताए । अधिकारीले यस अघि पनि आफुमाथि आक्रमण गर्न खोजे पनि सफल नभएको तर दोस्रो पटकमा भने कुटपिट गरेरै छाडेको पीडित पराजुलीको भनाई छ । उनले आफुहरुले न्याय पाउनुपर्ने र दोषीलाई तत्काल कारवाही गर्न माग गर्दै जिल्ला प्रहरी कार्यालयमा निवेदन समेत दिएका छन् । पराजुलीले भने 'घरमै बसिरहेको अवस्थामा आएर कुटपिट गर्नेले भोली ज्यानै लिन सक्छ, हामी अन्यायमा पर्यौं, छिटो भन्दा छिटो सुरक्षाको प्रत्याभूति दिने गरी दोषीलाई कारवाही हुनुपर्छ ।' कुटपिट गर्ने अधिकारीले भने श्रीमान माथि हातपात गरेको स्वीकार गरे पनि श्रीमतिमाथि भने आफुले कुटपिट नगरेको दावी गरेका छन् । उनले आफुमाथि बुवाले पटक -पटक गाली गलौज र अपशब्द प्रयोग गर्ने गरेकाले सहन नसकेर सामान्य हातपात गरेको एनजेडीसँगको कुराकानीमा बताए । अधिकारीले भने 'म र मेरो परिवारलाई सधैं गाली गर्ने, पानीको पाइप समेत थुतेर फालि दिने जस्ता गतिविधि गर्दै आएकाले बुवा माथि हातपात गरेको हुँ, तर आमालाई भने मैले हातपात नै गरेको हैन ।' बुवालाई जोगाउन आउँदा घरको पिल्लरमा ठोक्किन पुग्दा आमालाई चोट लागेको उनले दावी गरे । जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक सुगन्ध श्रेष्ठले भने अभद्र व्यवहार सम्बन्धी जाहेरी दर्ता भएकाले अनुसन्धानपछि मुद्दा दर्ता गर्ने तयारी भइरहेको बताए ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## गुटेरेसको भ्रमणको अपेक्षा

संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस चार दिने नेपाल भ्रमणमा रहेका छन् । उनी आइतबारदेखि चार दिने भ्रमणमा छन् । गुटेरेसले सगरमाथा, पोखरा, लुम्बिनी क्षेत्रको भ्रमण गरेका छन् । यस्तो उच्चस्तरीय भ्रमणले सम्पूर्ण नेपालीका लागि उत्साहित बनाएको छ । यस्ता शीर्ष व्यक्तित्वले सबै सदस्य देशको भ्रमण गर्न भ्याउँदैनन् तर नेपाल भने यस अर्थमा भाग्यमानी छ कि गुटेरेस अघि नै संयुक्त राष्ट्रसंघका ६ जना महासचिवले यहाँको भ्रमण गरिसकेका छन् । महासचिवको अहिलेको भ्रमण निकै कोणबाट अर्थपूर्ण मानिएको छ । पहिलो कुरा त अहिलेको विश्वव्यापी जल्दोबल्दो समस्याका रुपमा झाँगिदै गएको जलवायु परिवर्तनबाट नेपाल जस्तो हिमाली मुलुकमा परेको प्रभाव उनले आफ्नै आँखाले नियालेका छन् ।

गुटेरेसले सगरमाथा क्षेत्र पुगेर जलवायु परिवर्तन बारे विश्वको ध्यानाकर्षण गराउने प्रतिवद्धता जनाएका छन् । जलवायु परिवर्तनका कारक मुलुकहरूले हरितगृह ग्यास उत्सर्जन न्यूनिकरण र प्रभावित मुलुकहरूका लागि क्षतिपूर्ति प्रबन्धमा उति चासो नदिइरहेका बेला राष्ट्रसंघका महासचिवले हिमाली मुलुकमै आएर प्रवाह गरेको सन्देश अमूल्य छ । यस्तो अवस्थामा गुटेरेसको भ्रमण कोसे ढुंगा सावित हुने अपेक्षा गरिएको छ । नेपाल बुद्ध जन्मेको पवित्र भूमि हो । गुटेरेस बुद्ध जन्मस्थल लुम्बिनी पुगेर विश्व शान्तिको सन्देश प्रवाह भएको छ । त्यसैगरी प्रसिद्ध पर्यटकीय क्षेत्र पोखराको भ्रमणले समेत पर्यटन व्यवसायमा पनि सकरात्मक सन्देश प्रवाह गरेको छ । यसर्थ पनि उनको भ्रमण नेपालका लागि निकै लाभदायक हुने अपेक्षा गरिएको छ । यो मुलुक र मुलुकवासीका लागि एक ठूलो अवसर पनि हो । तर, यस अवसरको सदुपयोग गर्न सरकार र सम्बन्धित निकायले बुद्धि पुर्‍याउनै पर्छ । यसर्थ नेपालले यही मौकामा आफ्नो तत्परता देखाउनु जरूरी छ ।

## Opinion @ Social Network

साथ त बाहिरी देखावटी हुन् । नत्र त जीवन पूर्णरूपमा एक्लै हुन्छ । आफु सन्तुष्ट हुने आधार आफैले सिर्जना गर्न सक्नुपर्छ ।

*(मिला दराईको फेसबुक स्टाटस https://www.facebook.com/mk.mila)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सिर्जनशील प्रशासन र सुशासन



विष्णु घर्ती 'भनभनेली'

**सेवा प्रवाहको सिलसिला सेवा ग्राहीको अनुकूलतामा चल्न सिकाउँछ सिर्जनशील शासन पद्धतिले । सेवालाई सरल र सहज तरिकाले सबै प्रकारका सेवा ग्राहीलाई समेट्नका लागि सुशासनमैत्री शासन चाहिन्छ । विशुद्ध सेवा भावबाट प्रेरित क्रियाकलापहरूले सुशासनलाई थप टेवा दिन्छन् । सेवामैत्री प्रशासनमा निजामती सेवालाई उच्च प्राथमिकता वा केन्द्रविन्दूमा राखिएको हुन्छ । सेवाग्राहीका समस्यालाई आत्मसात गरिएको हुन्छ । नविनताको सोच हो सिर्जनशीलता । विधिको शासन हो सुशासन । थीतिको प्रशासन हो । नीतिको अनुशासन हो । उचित खालको न्याय निसाफमार्फत समाजमा समन्वय र समता कायम गराउनु राम्रो शासन हो । राम्रै राम्रा कर्मचारीले भरिएको जनताको शासन हो । साधुलाई सूली र चोरलाई चौतारो नमिलोस् र नमिलाईयोस् भन्नका लागि सुशासनको पहरेदारी अपरिहार्य हुन्छ । ऐन कानुन सम्मत सञ्चालित र कर्तव्यको भावनबाट परिचालित हुन्छ सार्वजनिक प्रशासन । निजामती सेवा राष्ट्र, राष्ट्रियता र जनताप्रति समर्पित हुँदै सेवा भावले कार्य सम्पादन गर्दछ । संघीयताको संस्थागतीकरणसँगै निजामती सेवाको दायित्व र जिम्मेवारी अझ वृद्धि हुँदै आएको छ ।**

समयको माग बमोजिम परिवर्तन हुन सक्छ निजामती सेवा । सार्वजनिक सेवालाई विगतको जस्तो नबनाई समय सापेक्ष सँगैको सहयात्री जस्तो बनाउन सिर्जनशील प्रशासनको प्रयोग जरुरी छ । अहिले निजामती प्रशासनलाई हेर्ने आँखामा अनेक आयामहरू देखिन्छन् । आर्थिक, सामाजिक, नैतिक रुपमा सार्वजनिक परीक्षण गरिने पद्धतिको विकास भइरहेको छ । सूचनाको सार्वजनिकीकरणले सुशासन र सेवामैत्री प्रशासनलाई सुन्दर बनाउँदै गइरहेको छ । उहिले उहिले सेवा प्रदायक कहाँ सेवा लिन जाँदा कोशेलीका साथमा धाउने प्रथा थियो तर अहिले त्यस्ता प्रथाको पर्दाफास भइसकेको छ । सेवा प्रवाहमा सक्दो सुविधाहरू नविन र सरल तरिकाले प्रदान गर्नु नै सिर्जनशील प्रशासनको मूल्याङ्कनको मानकताका रुपमा लिइएको छ ।

निजामती प्रशासनको मूल मर्म भनेकै सेवा हो । "सेवाही: परमो धर्म" सनातनी संस्कृति हो । मिजास र मिठासले मित्रताको पहिचान हुन्छ । सिर्जनशील प्रशासन सुशासनको शान हो । सेवा भावबाट प्रेरित प्रशासनको माग र अभ्यास बढीरहेको छ सार्वजनिक प्रशासनमा । सिर्जनशीलतापूर्वक गरिने सेवाको सार्थकता सर्वव्यापी हुन्छ । सेवालाई नविनतम र सिर्जनशील ढङ्गबाट सञ्चालन गर्नु सुशासनमैत्री भावना हो । सेवा प्रवाहको सिलसिला सेवा ग्राहीको अनुकूलतामा चल्न सिकाउँछ सिर्जनशील शासन पद्धतिले । सेवालाई सरल र सहज तरिकाले सबै प्रकारका सेवा ग्राहीलाई समेट्नका लागि सुशासनमैत्री शासन चाहिन्छ । विशुद्ध सेवा भावबाट प्रेरित क्रियाकलापहरूले सुशासनलाई थप टेवा दिन्छन् । सेवामैत्री प्रशासनमा निजामती सेवालाई उच्च प्राथमिकता वा केन्द्रविन्दूमा राखिएको हुन्छ । सेवाग्राहीका समस्यालाई आत्मसात गरिएको हुन्छ ।

नविनताको सोच हो सिर्जनशीलता । विधिको शासन हो सुशासन । थीतिको प्रशासन हो । नीतिको अनुशासन हो । उचित खालको न्याय निसाफमार्फत समाजमा समन्वय र समता कायम गराउनु राम्रो शासन हो । राम्रै राम्रा कर्मचारीले भरिएको जनताको शासन हो । साधुलाई सूली र चोरलाई चौतारो नमिलोस् र नमिलाईयोस् भन्नका लागि सुशासनको पहरेदारी अपरिहार्य हुन्छ । ऐन कानुन सम्मत सञ्चालित र कर्तव्यको भावनबाट परिचालित हुन्छ सार्वजनिक प्रशासन । निजामती सेवा राष्ट्र, राष्ट्रियता र जनताप्रति समर्पित हुँदै सेवा भावले कार्य सम्पादन गर्दछ । संघीयताको संस्थागतीकरणसँगै निजामती सेवाको दायित्व र जिम्मेवारी अझ वृद्धि हुँदै आएको छ । राज्यको लोकतान्त्रिकरणसँगै निजामती लगायतको प्रशासनिक सेवालाई व्यवसायिक बनाउँदै समग्र विकास र समृद्धिलाई गतिशील तुल्याउँन समृद्ध पक्ष सबैको एक्यवद्धता जरुरी छ । बदलिदो परिस्थितिमा बुहआयामिक सेवामुखी सरकारी क्रियाकलापहरू सेवाग्राहीसम्म सिर्जनशीतासहित पुगून भन्ने सबैका चाहना छन् । सरल रुपमा उपलब्ध गराउँन खडा भएका छन् अनेक खालका संरचनाहरू । यिनै संरचनामार्फत कर्मचारीले सेवा प्रवाहमा जीवन्तता एवम् सिर्जनशीलता दिएका छन् । राज्य सञ्चालन आँफै हुँदैन । सञ्चालन गर्ने भनेको सुव्यवस्थित तबरबाट सरकारले हो । सरकार/प्रशासन राज्यको मष्तिष्क हो भने कर्मचारीहरू उसका इन्द्रीय/कर्मेन्द्रीयहरू । मष्तिष्कको निर्देशनमा चल्दछन् इन्द्रीय/कर्मेन्द्रीयहरू । कर्मचारीहरू जति सिर्जनशील र क्रियाशील हुन्छन् त्यति मात्रामा सुशासनको प्रत्याभूति रहन्छ । मष्तिष्क र इन्द्रीय दुबैले काम गर्दा आ-आफ्नै तरिकाले सम्पादन गर्न थाले भने शरीर ठिक अवस्थामा रहन पक्कै सक्दैन । त्यसैगरी सरकार र कर्मचारी दुबैले पनि आ-आफ्नै तरिकाले काम गर्न थाले भने त्यहाँ सुशासन पलाउन सक्दैन । आशातित प्रतिफल प्राप्त गर्न सकिदैन आपसी समन्वयको अभावमा । मष्तिष्कले आफ्ना कर्मेन्द्रीयहरूको क्षमताका बारेमा जान्नु पर्दछ र कर्मेन्द्रीयहरूले पनि मष्तिष्कको मान राख्नु पर्दछ । सरकारको नीति विपरित कर्मचारीले काम गर्ने वा कर्मचारीको क्षमताभन्दा बाहिरको काम सरकारले लगाउने कार्य सुशासनका शोभा होइनन् । यसो गर्दा सिर्जनशीलता हुन सक्दैन ।

सरकार र कर्मचारीको बुझाई एउटै भएमा मात्र सही सुशासनको वृद्धि हुन्छ । सरकारको संरचना, उसको कार्यक्षेत्र, कार्यसंस्कृति, सेवा वितरणको स्थिति, उत्तरदायित्वको न्यूनता, अपारदर्शिता, भ्रष्ट आचरण, उत्प्रेरणा, मनोबल, अनुशासन र नैतिकतामा रहेको गिर्दो अवस्था, कमजोर अनुगमन/मूल्याङ्कन पद्धति जस्ता विषयले सेवा प्रवाहमा थप जटिलता थपिएको हो । यिनै जटिलताको निराकरण गर्दै प्रशासनमा सिर्जनशीलयुक्त सुशासनलाई स्थापति गर्दै जानु पर्ने टड्कारो आवश्यकता बनेको हो । सेवाग्राहीका नजरमा विद्यमान सरकारी संरचना र प्रक्रियाहरू बोझिला मानिएका छन् । एकभन्दा बढी निकायबाट एकै प्रकृतिका कार्यहरू सम्पादन हुँदा खासै औचित्य नदेखिने, दोहोरो रुपमा स्रोत, साधन र समयको खर्च हुने र उपलब्धी न्यून प्राप्त हुन्छ । कार्यक्षेत्र अत्यन्तै व्यापक बन्दै गइरहेको छ सेवाप्रवाहको । सरकारको चाँसो र सहभागिता गैरसरकारी संस्थाबाट सञ्चालन भएका कार्यक्रममा पनि देखिन्छ । निजी क्षेत्र, स्थानीय निकाय, गैसस, नागरिक समाज तथा लोक हीत प्रयोजनार्थ स्थापित सञ्जालहरूलाई परिचालन गर्नुपर्ने देखिन्छ । सरल खालका नीति निर्माण गरी सहजकर्ताको काम गर्दै समन्वयात्मक भूमिका होस् भन्ने सबैको चाहना तीब्र छ । संविधानद्वारा नै देशको शक्ति केन्द्र र तल्ला तहका सरकारमा साधन र स्रोतको बाँडफाँड गरिन्छ । राज्यहरू संघीय सरकारको रुपमा रुपान्तरित हुन्छन् सामुहिक उद्देश्य प्राप्तिका लागि । जुनसुकै व्यवस्था भएपनि दक्ष, जवाफदेही, सेवामुखी, सहभागितामूलक र भरपर्दो भएमा जनतालाई खासै फरक पर्दैन । अबका दिनमा राज्य सञ्चालनको पुरानो संरचनालाई विश्लेषण गर्दा पुःनर्संरचना अर्थात सैात्मक सुहाउँदो तरिकाबाट सञ्चालन गरिनु पर्दछ । सरकारको कार्यक्षेत्र तथा सेवाप्रवाहका संरचनालाई सुधार्न सकिने अवसर आएको छ । अनुभव, अध्ययन र अनुसन्धानबाट प्रतिपादित सिद्धान्त र असल अभ्यासलाई सार्वजनिक प्रशासनमा अनुसरण गर्न सकिने सम्भावना छ ।

जनसंख्यामा भएको वृद्धि र कर्मचारीको अनुपात अमिल्दो हुँदा सेवाप्रवाहमा कम प्रभाकारिता देखिएको छ । थप प्रभावयुक्त पार्न सबल र सक्षम सुशासनकर्मीहरूले आफ्नो सेवाप्रवाहलाई सुमार्गमा कुदाइरहेका छन् । यिनीहरूको मर्म र भावना पनि समाजमा सिर्जशीलता ल्याउँदै सुशासनलाई टेवा दिनु रहेको छ । सुशासनलाई टेवा दिनु भनेको नवितम तर सहज प्रक्रियालाई परपरसम्म फैलाउँदै जानु हो । यस्ता खालका सत्कार्य गर्ने सेवा प्रदायकहरूलाई सुशासनका हिमायतीको रुपमा लिइन्छ । राम्रो हुन वा पार्नका लागि एक्लो प्रयासले मात्र सम्भव हुँदैन । सुशासन विशाल ढुङ्गाको भित्री खास तत्व शालिग्राम जस्तै हो । गण्डकीको शिरभागबाट बग्ने सबै ढुङ्गा सालिग्राम बन्न सक्दैनन् । धेरैजसो ढुङ्गाका वरिपरि वा बाहिरपट्टी चुच्चा चुच्ची र विकारका वस्तुहरू बाक्लो गरी टालिएका हुन्छन् । कुशासन रुपी विकृति, विसङ्गति, भ्रष्टाचार, अन्याय जस्ता वस्तुहरू पखालिएका छैनन् । यस खाले ढुङ्गा सालिग्राम होइनन् । शालिग्राम रुपी सुशासनको प्राप्तिका लागि सालिग्राम बाहेकका ढुङ्गाहरूलाई गण्डकीमा होमिनु पर्दछ । चुच्चा चुच्ची फालेर, पखालेर, कञ्चन र कामयावी भई आएका सुशासन रुपी शालिग्रामलाई छानेर सिर्जनशील निजामती सेवा सञ्चालनमा समर्पित गराउनु पर्दछ ।

***(लेखक हाल लुम्बिनी प्रदेश मुख्य मन्त्रीको कार्यालयमा कार्यरत छन् ।)***

## महत्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : खानपिनले मन लोभ्याउनेछ । रोकिएका अधुरा कामहरू पुरा हुन सक्छ। | **तुला** : मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। यात्राको योग रहेको छ । |
| **बृष** :नयाँ भौतिक साधनको योजना बन्ला। पारिवारिक रमाइलो समेत हुनेछ । | **बृश्चिक** : तनाव बढेको महशुस हुनेछ । स्वास्थ्य प्रति सजग रहन जरूरी छ । |
| **मिथुन** : रचनात्मक कार्यमा मन जानेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **धनु** : कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। |
| **कर्कट** : मित्रहरूले दिएको वचन फेरिन सक्छ। फजुल खर्चले चिन्ता बढाउनेछ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । |
| **सिंह** : व्यवसायको सन्दर्भमा नयाँ योजना बन्नेछ । सन्तानबाट सुख मिल्नेछ । | **कुम्भ** : पारिवारिक कार्य बोध हुनेछ । नयाँ रचना र ज्ञानमा प्रगति हुनेछ । |
| **कन्या** : धार्मिक कार्यमा सरिक हुने पाइने छ । नयाँ काम प्रस्ताव आउनेछन् । | **मिन** : काम नबन्नाले दिक्क लाग्नेछ। व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । |

मनोरञ्जन

# सेन्सरको तिखो कैँचीविरुद्ध कलाकारलाई ओलीको साथ




चलचित्र 'जुलेबी'को रिलिज भोलिपल्ट थियो । निर्माण पक्षले त्यहीअनुसारको प्रचारप्रसार गरेको थियो । तर, सेन्सर बोर्डले अघिल्लो दिनसम्म रिलिज सर्टिफिकेट दिएको थिएन । निर्मातालाई कति हुन्छ होला तनाव ? पछिल्लो हप्ता सिनेमाको रिलिज थियो । सेन्सर बोर्डले ६ वटा सिन हटाउन निर्देशन थियो । रगतका दृश्य श्यामस्वेत बनाउनू भन्यो । हटाउनु कि नहटाउनु ? हटाए सिनेमाको कथा नै मर्ला भन्ने डर, नहटाउँ रिलिज सर्टिफिकेट नपाउने निश्चित छ । हटाउँनै पर्‍यो । 'परस्त्री' निर्माण पक्षले हटायो । निर्माता र निर्देशकको मन कति दुख्छ होला ?

सिनेमा रिलिजको संघारमा छ । प्रचारको चटारो छ । तर, चलचित्र विकास बोर्डले 'एक भगवत एक गीता'लाई सेन्सरका लागि सिफारिस नै गर्दैन । कस्तो होला एक वर्ष खर्चिएर अढाई करोड लगानी गरेको चलचित्रको निर्मातालाई ? यी त भए केही प्रतिनिधि सिनेमाको उदाहरण जसले सेन्सरका लागि तनाव झेल्नु पर्‍यो । यस्ता थुप्रै चलचित्र छन्, जसले सेन्सरको तिखो कैंचीको सामना गर्नु परेको छ । सेन्सरको यो कैंचीप्रति चलचित्रकर्मीलाई त चित्त बुझेको छैन नै एमाले अध्यक्ष केपी शर्मा ओलीको पनि दिल खुस रहेनछ । उनी सेन्सरका नाममा कलाकारमाथि राज्यले शासन गर्न खोजेको बताउँछन् ।

सेन्सर चाहिने तर हातमा कैंची छ भन्दैमा जथाभावी चलाउन नहुने उनको धारणा छ । सेन्सर चाहिने तर अनावश्यक ठाउँमा कैंची चलाउन भने नहुनेमा उनको जोड छ । "सिनेमा देशकैविरुद्ध छ । साम्प्रदायिक द्वेष फैल्याउने खालको छ । शान्ती सद्भाव खलबल्याउने खालको छ भने त्यसलाई सृट बनाउन सकिन्छ । भाषा परिवर्तन गर्न सकिन्छ," काठमााडौंमा केही दिन अगाडि आयोजित एक कार्यक्रममा उनले भने, "तर सेन्सर गर्दा त्यसको आत्मा मर्नु हुँदैन । तर, जे सुकै कुरामा सेन्सर गर्नु हुँदैन ।" अधिकारको दुरुपयोग नगर्न उनको आग्रह छ ।

पछिल्लो समय आफूले पनि सेन्सरका कुराहरू सुनिरहेको भन्दै ओली सेन्सरका नाममा कलाकारमाथि शासन गर्न नहुने बताउँछन् । व्यक्ति होइन विधिको शासन हुनु पर्नेमा उनको जोड छ । "धेरै कडा सेन्सर पनि गरिनु हुँदैन । मलाई विश्वास छ हाम्रा कलाकार जिम्मेवार छन्, त्यसैले धेरै कडा सेन्सर गरिरहनु पर्दैन," ओली भन्छन् । कलाकार आफूलाई दर्शकले मन पराउन् भन्ने चाहनाले काम गर्ने भएकाले आफैँ जिम्मेवार हुने भन्दै उनी कडा सेन्सरको आवश्यकता नरहेको तर्क गर्छन् । "दर्शकले अस्वीकार गरुन् भन्ने कुनै कलाकारले चाहँदैन । दर्शकले स्वीकार गरुन् भन्ने चाहना हुन्छ," उनी भन्छन्, "दर्शकले मन पराउन् भन्ने उनीहरूको बटमलाइन हो, त्यसैले उनीहरू गैरजिम्मेवार हुनै सक्दैनन् भन्नेमा म ढुक्क छु ।" सेन्सरमा केही समस्या रहेको भन्दै यसबारे कलाकारसँग छुट्टै बसेर छलफल गरेर समस्याको समाधान खोज्न सहयोग गर्ने उनको भनाइ छ । "यसमा समस्या के हो छलफल गरेर समाधान खोज्न सकिन्छ," ओली भन्छन् ।

चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी सामाजिक सञ्जाल र युट्युबका सामग्रीमा सेन्सर नहुने तर चलचित्रमा मात्रै हुने कुरा आफैंमा विभेदपूर्ण रहेको बताउँछन् । सेन्सरमा समस्या रहेको उनी स्वीकार्छन् । "सेन्सरमा गृहमन्त्रालयको प्रतिनिधि बसेका हुन्छन् । प्रहरीलाई नकारात्मक रूपमा देखाइको छ भने उसले त्यसलाई रोकेर यो किन ? हटाउनूस् भन्छ । प्रहरीलाई नकारात्मक रूपमा चित्रित गर्न पाइँदैन भन्छ," उनी अगाडि थप्छन्, "सबै क्षेत्रका मान्छे सबै राम्रा पनि छैनन् र सबै नराम्रा पनि छैनन् । सिनेमा बनाउँदा हामीले राम्रा पनि र नराम्रा दुवै कुरा देखाउनु पर्छ । तर, अन्तिममा सत्यको जित देखाउने हो । यसलाई बुझ्नु पर्छ ।" कतिपय विदेशी सिनेमामा सेन्सर गरिनु पर्ने ठाउँमा नगरिँदा प्रदर्शनमा आएपछि ठूलो समस्या हुने गरेको उनी स्मरण गर्छन् । हरेक विषयमा संवेदनशील हुनु पर्नेमा भुवनको जोड छ । सेन्सर बोर्ड चलचित्र विकास बोर्ड अन्तर्गत नरहेको भन्दै भुवन आफू पनि सेन्सरका विषयमा संवेदनशील रहेको बताउँछन् । चलचित्रमा राम्रा/नराम्रा दुवै पक्ष समेटिने र यो वास्तविकतालाई ध्यानमा राखिनु पर्नेमा उनको जोड छ । कलाकार तथा निर्माता दीपकराज गिरी सेन्सर निकै पीडादायी हुने गरेको बताउँछन् । सेन्सर चलचित्रकर्मीलाई मात्रै लाग्छ कि भन्ने अनुभूति समेत हुने गरेको उनी बताउँछन् । "सेन्सरको कैंची असाध्यै कडा हुँदै गएको छ । हामी प्रजातन्त्र र गणतन्त्रको उपभोग गरिरहेका छौँ । सामाजिक सञ्जालमा कुनै सेन्सर छैन । कसकसलाई गाली गर्ने हो हामी गरिरहेका छौँ । तर चलचित्रका भने सानासाना संवादमा पनि कैँची चलाउँछौँ," दीपक भन्छन्, "हामी चलचित्र बनाउने मान्छेलाई मात्रै सेन्सर छ कि भन्ने लाग्छ । सिनेमामा प्रहरीलाई ढुंगा हानेको दृश्य छ भने गृह मन्त्रालयको प्रतिनिधिले यो किन ? हटा भन्छ । सेन्सरमा बस्ने मान्छे यति असंबेदनशील छन् । प्रहरीको पोसाक छ भने प्रहरीलाई स्क्रिप्ट देखाउनु पर्छ । उसले प्रहरीलाई खराब देखाको छ भने उसले राख्न दिँदैन । कि प्रहरीले हाम्रो संगठनमा कोही एउटा व्यक्ति पनि खराब छैन भन्न सक्नु पर्‍यो । होइन भने समाजका कुरा सिनेमामा आउँछन् ।" सानोसानो कुरामा सेन्सर हुने गरेको भन्दै दीपक नेतालाई बोल्न छुट रहेको, उनीहरूलाई गाली गर्न पनि छुट रहेको तर सिनेमामा मात्रै अनावश्यक कैंची चल्नु आफैँमा दुखद् पक्ष भएको बताउँछन् । आफू सिनेमा लेख्न बस्दा यो सिन सेन्सरबाट पास हुन्छ कि हुँदैन भनेर सोच्ने गरेको भन्दै दीपक कलमले डराईडराई सिर्जना गर्न नसक्ने बताउँछन् ।

प्रहरीले चलचित्र, भिडियो तथा अन्य भिडियो सामग्री बनाउँदा प्रहरीको पोसाक तथा हतियार प्रयोग गर्दा त्यसको आवश्यकता र औचित्य पुष्टि गर्नुपर्ने बताउँदै आएको छ । प्रहरीको पोसाक, दर्ज्यानी चिह्न वा हतियार प्रयोग गर्नु परे नेपाल प्रहरी प्रधान कार्यालय श्रव्यदृश्य शाखाको पूर्वस्वीकृति लिन आग्रह गर्दै आएको छ । स्क्रिप्ट अनुसार बाहेक अन्य कुनै पनि प्रयोजनका लागि नेपाल प्रहरीले प्रयोग गर्ने पोसाक र पोसाकमा प्रयोग हुने दर्ज्यानी चिह्न तथा प्रहरीको मोनोग्राम प्रयोग नगर्न पनि प्रहरीले आग्रह गर्दै आएको छ । यसमा प्रहरीले असन्तुष्टि जनाउँदै आएका छन् । चलचित्र निर्माता संघले प्रहरीले सिनेमा निर्माणलाई सहजीकरण गर्नुपर्नेमा उल्टै झन्झिटिलो बनाउने प्रयास गरिरहेको बताएको छ । "हामी सरकारी नियम बाहिर कोही पनि जानुहुँदैन र जाँदैनौँ पनि । सरकारी नियम पालना गर्दैनौँ भनेका पनि हैनौँ चलचित्र निर्माता संघका अध्यक्ष नवल खड्का भन्छन्, "हामीलाई सरकारी निकायबाट सहजीकरण गरिदिनुपर्‍यो । सधैँ झन्झट दिने काम गर्नुभएन ।" विकास बोर्डबाहेक अन्य कुनै पनि निकायसँग अनुमति लिनु नपर्ने प्रावधान हटाउनु पर्ने पनि चलचित्रकर्मीहरूले बताउँदै आएका छन् । एकद्वार प्रणाली भए सहज हुने चलचित्रकर्मीहरूको धारणा छ । *-बाह्रखरी डटकम*

# दयाहाङ र दीयाको 'दयारानी' माघ २६ मा




बक्स अफिसका हिट मेशिन कहलिएका सुपरस्टार दयाहाङ राईको यस वर्ष लगातार फिल्महरु रिलिज भैरहेका छन् । बैशाखदेखि भदौसम्म उनको चारवटा फिल्म प्रदर्शनमा आइसकेका छन्, जसमध्ये दुईवटा व्यावसायिक रुपमा सफल भए । अब यही कात्तिक २४ गतेबाट उनको नयाँ फिल्म 'दिमाग खराब' रिलिज हुँदैछ । यस्तै, माघमा उनको अर्को फिल्म 'दयारानी' रिलिज हुने भएको छ ।

मंगलबार फिल्मको एक पोस्टर सार्वजनिक गर्दै माघ २६ गतेलाई प्रदर्शन मिति घोषणा गरिएको हो । फागुन १ गते जनयुद्ध दिवस र २ गते सरस्वती पूजाको सार्वजनिक विदाको मौका छोप्दै फिल्म प्रदर्शनमा आउन लागेको हो । माओत्से गुरुङको निर्देशन रहेको फिल्ममा दयाहाङको जोडी अभिनेत्री दीया पुनसँग बाँधिएको छ । दुवैले यसअघि 'वीर विक्रम र मिस्टर झोले'मा काम गरेका छन् । 'कबड्डी' निर्माण कम्पनी बासुरी फिल्म्सको प्रस्तुति तथा माओत्से गुरुङ फिल्म्सको निर्माण रहेको फिल्मले एक अहङ्कारी श्रीमानबाट श्रीमतीले भोग्ने समस्याको कथालाई उठाएको छ । फिल्ममा विजय बराल, प्रमिसा गुरुङ, पुस्कर गुरुङ, टिकाराम घलेलगायतको पनि अभिनय छ । गुरुङ भाषाको फिल्म निर्देशन गर्दै आइरहेका माओत्सेले यो फिल्मबाट मूलधारे फिल्ममा पाइला राखेका हुन् । फिल्ममा शैलेन्द्र डि. कार्कीको छायांकन छ । मोहन गुरुङ, किरण गुरुङ, केन्द्र लिम्बु, खुशीमान गुरुङ, सुरेन्द्र गुरुङ, सूर्य प्रकाश गुरुङ र न्यू आइटी भेन्चरको सहकार्यमा निर्माण भएको फिल्मका कार्यकारी निर्माता रामबाबु गुरुङ र अपिल विष्ट हुन् । फिल्ममा निर्देशक गुरुङकै लेखन छ । फिल्ममा दीया पुनलाई दयालु युवतीको रुपमा ब्याख्या गर्न खोजिएको निर्देशक गुरुङको भनाई छ ।

**फेरि आफ्नै फिल्मसँग दयाहाङको भिडन्त**

यस वर्षको बैशाख १ गते दयाहाङका दुईवटा फिल्म 'जारी' र 'बिहे पास'बीच भिडन्त भएको थियो । माघ २६ मा पनि यही अवस्था दोहोरिने देखिएको छ । यसअघि यो मिति फिल्म 'हात्तीछाप'ले रोजिसकेको छ, जसमा उनको मुख्य भूमिका छ । अब यही मितिमा 'दयारानी' पनि आउने भएपछि उनलाई तनाव सिर्जना भएको छ । उनले यी दुवै फिल्मको रिलिज मिलाउन पहल गर्नुपर्ने देखिन्छ ।

*-फिल्मीखबर डटकम*

# मन जितिरहेको प्रकाश दूतराजको 'रिमै...'

***देउरालीमा धजा रिमै
मन उतै नजा, भनेकै मान्दैन
सालैजो...***



गायक एवं सर्जक प्रकाश दूतराजको पछिल्लो गीत 'रिमै...' केही दिनयता निकै चर्चामा छ । रुविगतमा जस्तै यस गीतबाट पनि उनले स्रोता एवं दर्शकको मन जितिरहेका छन् । प्रकाशले ९ दिन अगाडिमात्रै सार्वजनिक गरेको यो गीतले युट्युबमा २८ लाख बढी भ्युज पाइसकेको छ । टिकटकमा गीत छ्यापछ्याप्ती छ । लोकदोहोरी क्षेत्रमा अलग्गै पहिचान बनाएका प्रकाशले मेलिना राईसँग मिलेर यो गीत गाएका हुन् । 'जुन माया' पछि उनीहरूको यो दोस्रो सहकार्य हो । विशेषगरी गाउँले परिवेशमा रहेर सिर्जनाहरू ल्याउँदै आएका प्रकाशले 'रिमै...'गीतको भिडियोमा राउटे समुदायको कथा उठान गरेका छन् । गीतका शब्द प्रकाश स्वयंमले कोरेका हुन् । उनकै संगीत रहेको गीतलाई बि.बि. अनुरागीतले एरेन्ज गरेका हुन् । भिडियोमा प्रकाश स्वयम र केपिना गोतामेको अभिनय छ । राउटे समुदाय नेपालको पश्चिम पहाडी जिल्लामा बस्ने घुमन्ते जाती हो । यो समुदायमा कसैको मृत्यु भएमा रितपुर्वक संस्कार गरी केही दिन भित्रमा बसाई सर्ने उनीहरूको परम्परा छ । सोही कथालाई टपक्क टिपेर प्रकाशले यस गीतको भिडियो बनाएका हुन् । स्रोता दर्शकबाट राम्रो प्रतिक्रिया पाएको गीतलाई नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले समेत प्रशंसा गरेका थिए । सामाजिक सञ्जाल फेसबुकमा गीतको टिकटक भिडियो शेयर गर्दै उनले दसैँमा सुनेको मीठो गीत भनेका थिए । मौसम हिमालीको कोरियोग्राफी एवं निर्देशन, अनिल के. मानन्धरको छायांकन रहेको गीतको भिडियोलाई नवीन घर्ती मगरले सम्पादन गरेका हुन् । प्रकाशका 'बैनी झ्यालैमा', 'घर कता हो बैनीको', 'जाम भो माइली', 'मन भुल्छ', 'जुन माया' जस्ता गीत निकै हिट छन् ।

*-लोकान्तर डटकम*

# रोहित शेट्टीको 'सिंघम अगेन'मा रणवीर सिंह पनि



बलिउड अभिनेता रणवीर सिंह रोहित सिट्टीको कप-युनिभर्स 'सिंघम अगेन'मा देखिने भएका छन् । निर्माण कम्पनीले सोमबार पोस्टर सार्वजनिक गर्दै फिल्ममा रणवीरले सिम्बा पात्रको भूमिका निर्वाह गर्ने जनाएको छ ।

'सिम्बा'को लुकमा 'सिंघम ३' को पोस्टर हेरेपछि फ्यान उत्साहित छन् । यो पोस्टरले दर्शकलाई मनोरञ्जन दिने देखिन्छ । पोस्टर सेयर गर्दै रणवीरले लेखेका छन्, 'सबैभन्दा नटखट, सबैभन्दा अनौठो, आला रे आला, सिम्बा आला ।' पोस्टर हेरेर फ्यानले कमेन्ट गरेका छन्, 'हाम्रो सिम्बा कति राम्रो छ ।' अर्का फ्यान लेख्छन्, 'बाबा, आगो छ, आगो छ । अन्य भन्छन्, 'फस्ट डे, फस्ट शो ।' अजय देवगणले पनि पोस्टर सेयर गर्दै लेखेका छन्, 'हाम्रो टोलीको सबैभन्दा नखखट अफिसर ।' अजयको पोस्टमा फ्यानले कमेन्ट गर्दै सिम्बालाई हेर्न अधैर्य रहेको लेखेका छन् । रोहित शेट्टीले फिल्मको यो पोस्टर सेयर गर्दै लेखेका छन्, 'हाम्रो सबै मनपर्ने सिम्बा आइपुगेको छ ।' फिल्ममा अजयसहित दीपिका पादुकोण पनि देखिनेछिन् । रोहित शेट्टीको फिल्म 'सिंघम अगेन' सन् २०२४ को अगस्ट १५ मा रिलिज हुनेछ । बलिउडको यो शक्तिशाली फिल्म साउथ स्टार अल्लु अर्जुनको 'पुष्पा २' सँग भिड्दैछ ।

*-अनलाइन खबर डटकम*

# रहिनन् समाजसेवी भारती



**पाल्पा,** कार्तिक १४/पाल्पाको शिक्षा, स्वास्थ्य तथा बालबालिकाको क्षेत्रमा जीवन समर्पित गरेकी समाजसेवी राधा भारतीको ९६ वर्षको उमेरमा निधन भएको छ । तानसेन नगरपालिका-३ बसन्तपुर निवासी भारतीको उपचारको क्रममा काठमाडौंमा मृत्यु भएको हो ।

स्वास्थ्यमा समस्या भएपछि उनलाई तीन हप्ता अघि उपचारको लागि काठमाडौं लगिएको थियो । उपचारकै क्रममा उनको निधन भएको पारिवारिक स्रोतले जनाएको छ । भारतीले आँखाको उपचारबाट कोही पनि बञ्चित हुन नपरोस् भन्दै पाल्पा लायन्स लाकौल आँखा अस्पताल निर्माणदेखि, विभिन्न अक्षयकोष स्थापना गर्नमा महत्वपूर्ण योगदान पुऱ्याएकी थिइन् । जनता माध्यमिक विद्यालयमा विभिन्न किसिमको छात्रवृत्ति अक्षयकोष, विभिन्न साहित्य क्षेत्रमा कलम चलाउनेहरुको लागि साहित्य अक्षयकोष, जिल्ला संगठनको लामो समयसम्म अध्यक्ष भई बालबालिकाको हकहितको क्षेत्रमा उनको महत्वपूर्ण योगदान रहेको थियो । यस्तै भारतीले जनता विद्यालय स्थापना गर्न श्रीमान् इन्द्रलाल भारतीसँग काधमा काध मिलाएर जग्गा व्यवस्थापन देखि विद्यालय सञ्चालन गर्न महत्वपूर्ण भूमिका खेलेकी थिइन् । भारतीले बालबालिकाहरुलाई पठन-पाठन गराउनु पर्छ भनि बाग्लुङ्ग, पाल्पा लगायतका जिल्लामा निःशुल्क रुपमा पढाउने काम समेत गर्दै आएकी थिइन् । उनी भारती माष्टर्नीको नामले समेत परिचित थिइन् । पञ्चायती शासन विरुद्ध पनि महिलाहरुलाई संगठित गर्दै प्रजातन्त्र स्थापन गर्नमा उनको महत्वपूर्ण भूमिका थियो । खरो स्वभावकी भारती महिला अधिकार, महिला माथिको दमन थिचोमिचो विरुद्ध पनि आवाज उठाउने महिलाको रुपमा परिचित थिइन् ।

पाल्पाको नेत्र ज्योती संघ, नेपाल रेडक्रस सोसाईटी, नेपाल बाल संगठन लगायतका संघ संस्थामा लामो समयसम्म नेतृत्वदायी भूमिकामा रही भारतीले काम गर्दै आएकी थिइन् । उनको निधनले पाल्पाको शिक्षा, स्वास्थ्य तथा सामाजिक क्षेत्रमा अपुरणीय क्षति पुगेको पाल्पालीहरुले बताएका छन् ।

# तानसेनमा लुम्बिनी प्रदेशस्तरीय आइटिएफ तेक्वान्दो हुँदै




**कृष्ण पोखरेल**

**पाल्पा,** कार्तिक १४/पाल्पाको तानसेनमा यही कार्तिक १७ र १८ गते दोस्रो प्रोफेस्नल लुम्बिनी प्रदेशस्तरिय आइटिएफ तेक्वान्दो प्रतियोगिता २०८० हुने भएको छ । नेपाल आइटिएफ तेक्वान्दो महासंघ पाल्पाको आयोजना तानसेनको टुँडिखेल मैदानमा प्रतियोगिता हुन लागेको हो ।

लुम्बिनी प्रदेशका १२ जिल्ला, तीन विभागिय टोली र आयोजक टोली गरी ६४ जना खेलाडीहरुले प्रतियोगितामा प्रतिस्पर्धा गर्ने भएका छन् । प्रतियोगितामा महिला तर्फ ४६ केजीदेखि ५२ केजी सम्म र पुरुषमा ४९ केजीदेखि ५५ केजी तौल भएका खेलाडीहरु बिच एकल स्पारिङ्गमा प्रतिस्पर्धा हुनेछ । तेक्वान्दो खेलाडी रिता र अनिलको सम्झनामा प्रतियोगिता लागेको आयोजकले जनाएको छ ।

नेपाल खेलकुद पत्रकार मञ्च पाल्पाले तयारीका विषयमा जानकारी गराउन पत्रकार भेटघाट कार्यक्रम गरेको छ । कार्यक्रममा तेक्वान्दो महासंघ पाल्पा अध्यक्ष निर बहादुर सारुले प्रत्येक जिल्लाबाट पुरुष दुई र महिला दुई गरी ४ जनाको दरले प्रतियोगितामा खेलाडीहरुको सहभागिता रहने बताए । प्रथम पुरस्कार विजेता पुरुष र महिलाले तीस/तीस हजार नगद, प्रमाण पत्र, गोल्ड मेडल पुरस्कार पाउने छन् भने द्वितीय हुनेले विस/विस हजार नगद, प्रमाणपत्र र रजत पदक पाउने छन् भने तेस्रो हुनेले दश/दश हजार नगद, प्रमाण र कास्य पदक पुरस्कार पाउने अध्यक्ष सारुले जानकारी दिए । प्रतियोगिता सञ्चालनका लागि करीव साढे ८ लाख रुपैया खर्च लाग्ने र सो व्यवस्थापनको लागि पालिकाबाट सहयोग जुटाईने आईटिएफका पुर्व खेलाडी एव पाल्पाका सल्लाहकार देव पचभैयाले बताए । पाल्पाका आईटिएफ खेलाडीहरुले अन्तर्राष्ट्रिय प्रतियोगितामा गोल्डमेडल जितेका थुप्रै खेलाडी रहेकाले पाल्पाका पालिकाहरुले आवश्यकता अनुसार सहयोग गर्ने विश्वास आईटिएफ पाल्पाले गरेको पचभैयाले बताए । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका अध्यक्ष रेखीराम रानाले पाल्पामा आईटिएफ खेलप्रति युवाहरुमा आकर्षण बढ्दो रहेको र पाल्पाका विद्यालयहरुमा समेत आईटिएफ डोजाङ्ग निर्माण भईरहेको बताए । उनले जिल्लामा प्रशस्त अन्तर्राष्ट्रिय प्रतियोगितामा गोल्डमेडल विजेता खेलाडीहरु रहेकोले पाल्पालाई राष्ट्रिय स्तरमै खेलाडी उत्पादन गर्ने जिल्लाको रुपमा परिचित गराउन सबैपक्षबाट आवश्यक सहयोग हुनुपर्नेमा जोड दिए । नेपाल खेलकुद पत्रकार मञ्च पाल्पाका कार्यसमिति सदस्य कृष्ण कार्कीले प्रतियोगिता सम्पन्न गर्नको लागि आईटिएफ पाल्पासँग सहकार्य गरी काम गर्दै आएको बताए । कार्यक्रममा सहभागी भएकी आईटिएफकी पुर्व राष्ट्रिय खेलाडी आयुसा कार्कीले प्रतियोगिता सम्पन्न गराउन आफु विदेशबाट स्वदेशमै आएको बताइन् । पाल्पामा १४ वटा डोजाङ्गबाट नियमित रुपमा आईटिएफका खेलहरु सञ्चालन हुँदै आएका छन् ।

## खेलकुद समाचार

# मलेसिया नेपालद्वारा ६ विकेटले पराजित



**काठमाडौं,** कार्तिक १४/आइसिसी ट्वान्टी- २० विश्वकप एसिया छनोट अन्तर्गत मंगलबार भएको खेलमा नेपालले मलेसियालाई छ विकेटले पराजित गरेको छ । जारी प्रतियोगितामा नेपालको यो लगातार दोस्रो जीत हो । यसअघि हिजो भएको पहिलो खेलमा नेपालले सिंगापुरलाई आठ विकेटले पराजित गरेको थियो ।

कीर्तिपुरस्थित त्रिभुवन अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा भएको मलेसियाले प्रस्तुत गरेको एक सय ६६ रनको लक्ष्य नेपालले १८ ओभरमा चार विकेटको क्षतिमा पूरा गऱ्यो । नेपालको जीतका लागि कुशल मल्लले बिस्फोटक ब्याटिङ गर्दै अर्धशतकीय पारी खेले । उनले ३४ मा सात छक्का र दुई चौकासहित ६५ रन बनाए । साथै ओपनर कुशल भुर्तेलले चार छक्का र चार चौकाको सहयोगमा महत्वपूर्ण ४३ रन र आशिफ सेखले दुई छक्का र एक चौकाको सहयोगमा ३२ रन बनाए । त्यसैगरी सन्दीप जोराले १८ र कप्तान रोहित पौडेल र विवेक यादवले दुई/दुई रन बनाए । मलेसियाका लागि मोहम्मद अमिरले तीन र पवनदीप सिंहले एक विकेट लिए । यसअघि टस जितेर पहिले ब्याटिङ गरेको मलेसियाले निर्धारित २० ओभरमा नौ विकेटको क्षतिमा एक सय ६५ रन बनायो । मलेसियाले राम्रो सुरुवात गरे पनि मध्यक्रमका ब्याटर चल्न सकेनन् । उसका लागि ओपनर एवम् विकेटकिपर सैयद अजिजले सर्वाधिक ६८ रन बनाए । उनले ४९ बलमा दुई छक्का र आठ चौका प्रहार गरे । साथै जुवैदी जुल्किल्फले २४, शाविन मेनाइडी र विजय उन्नीले समान १३/१३ रन बनाए । नेपालका लागि अविनाश बोहोराले चार विकेट लिए भने सन्दीप लामिछाने, गुलसन झा रोहित पौडेलले एक/एक विकेट लिए । नेपाल प्रतियोगिताको समूह एमा छ । नेपालको समूहमा सिंगापुर, मलेसिया, ओमान छन् भने समूह बीमा संयुक्त अरब इमिरेट्स (यूएई), हङकङ, बहराइन र कुबेत छन् । नेपालले तेस्रो खेल बिहीबार ओमानसँग खेल्नेछ ।

वर्गिकृत डिस्प्ले


१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा दोहोरो अंकले घट्यो



**काठमाडौं,** कार्तिक १४/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दोहोरो अंकले घटेको छ । मंगलबार नेप्से परिसूचक १४ दशमलव २९ अंकले घटेर एक हजार आठ सय ६४ दशमलव ४० को बिन्दुमा कायम भएको हो ।

विभिन्न दुई सय ८६ कम्पनीका २२ लाख ५८ हजार एक सय ८७ कित्ता शेयर २५ हजार छ सय २५ पटक खरिदबिक्री हुँदा रू ५७ करोड १४ लाख ८३ हजार दुई सय ७६ बराबरको कारोबार भएको छ । कारोबारमा सबै समूहको उपसूचक रातो देखिएका छन् । सबैभन्दा धेरै जीवन बीमा समूह एक दशमलव ४६ र लघुवित्त समूह शून्य दशमलव ८४ प्रतिशतले घटेको छ । सबैभन्दा धेरै माहुली लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ०५ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्यमा नौ दशमलव ९८ प्रतिशतको गिरावट देखिएको छ ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको रू एक करोड ७० लाख ११ हजार चार सय ७८ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने प्रभु स्मार्ट फन्डको सबैभन्दा धेरै एक लाख १७ हजार तीन सय कित्ता शेयर किनबेच भएको छ ।

## बालबालिकाको भविष्य उज्ज्वल बनाऔं ।

- बालबालिकाको पहिलो तीन बर्ष महत्वपूर्ण हुन्छ,
- त्यस अवधिमा ८० प्रतिशत मष्तिष्क विकास हुने गर्दछ,
- उनीहरुले वरपरको वातावरणबाट सिक्ने गर्दछन्,
- यस अवधिमा बालबालिकालाई राम्रो स्याहार, सम्भार र उत्प्रेरित गरौं,
- उनीहरुसँग नियमित अन्तरक्रिया गरौं,
- यस अवधिमा उनीहरुसँग गरिने व्यवहार, ज्ञान, सीप र सिकाईबाट बालबालिकाको उज्ज्वल भविष्य निर्माण हुन्छ ।

नेपाल सरकार

विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई